**शैक्षिक व्यवस्थापन कार्यविधि, २०७४ मा बेलबारी नगर कार्यपालिकाको मिति २०७५।१।१५ गते बैठकबाट भएको पहिलो संशोधनका विषयहरु**

| भएको व्यवस्था | संशोधन गर्नु पर्ने |
|---|---|
| दफा ३८ मा संशोधन "परीक्षा संचालन उपसमिति" | दफा ३८ मा "परीक्षा संचालन समिति" |
| दफा ३८(१): "नगरपालिकाको विद्यालयहरुमा परीक्षा संचालनको लागि देहायको एक परीक्षा संचालन उपसमिति रहने छ ।" | दफा ३८(१): "नगरपालिकाको विद्यालयहरुमा परीक्षा संचालनको लागि देहायको एक परीक्षा संचालन समिति रहने छ ।" |
| दफा ३८ को उपदफा (२) "उपसमिति" को सट्टा | दफा ३८ को उपदफा (२) "समिति" हुने । |
| दफा ३८ को उपदफा (२) खण्ड (छ) "परीक्षाका लागि पाठ्यक्रमले तोकेको विशिष्टकरण तालिका (ग्रिड) बमोजिम आवश्यक प्रश्नहरु निर्माण गरी गराई प्रश्न बैंक निर्माण गर्ने ।" | दफा ३८ को उपदफा (२ ) खण्ड (छ) "परीक्षाका लागि पाठ्यक्रमले तोकेको विशिष्टकरण तालिका (ग्रिड) बमोजिम आवश्यक प्रश्नहरु निर्माण गरी गराई प्रश्न पत्र बैंक निर्माण गर्ने ।" |
| दफा ३८को उपदफा (२) खण्ड (ड) "अध्यक्ष" को सट्टा | दफा ३८को उपदफा (२) खण्ड (ड) "संयोजक" हुने । |
| दफा ३८को उपदफा (१) खण्ड (ङ) "शिक्षा अधिकृत, सो नभए वि.नि., सो नभए स्रोत व्यक्ति" | दफा ३८को उपदफा(१) खण्ड (ङ) "शिक्षा अधिकृत" |
| | दफा ५ (४) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थप्ने, तर शैक्षिक सत्र २०७५को हकमा विद्यालयको अनुमति २०७५ साल बैशाख २५ गते सम्म दिन सकिनेछ । |
| | दफा २५ को उपदफा (४) हटाउने । |
| दफा १४.धरौटी रकम जम्मा गरिने : (१) विद्यालयले दफा १३ बमोजिमको नगदै धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ । | दफा १४.धरौटी रकम जम्मा गरिने :(१) विद्यालयले दफा १३ बमोजिमको धरौटी बापतको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त (क) वर्गका बाणिज्य बैंकमा विद्यालयको मुद्धती खाता खोली विद्यालय र नगरपालिकाले तोकेको कर्मचारीको संयूक्त दस्तखतबाट संचालन हुने गरी व्यवस्था गर्ने । |
| | दफा १६ पछि दफा १६ (क) सामुदायिक बालविकास केन्द्र गाभ्न सक्ने: (१) कुनै सामुदायिक बालविकास केन्द्रले कुनै सामुदायिक विद्यालयमा समायोजन हुन चाहेमा सम्बन्धित वडाको सिफारिस र बालविकास केन्द्र व्यवस्थापन समितिको निर्णयमा शिक्षा समितिको सिफारिस बमोजिम नगरकार्यपालिकाले समायोजन गर्न सक्नेछ । |